पाथीभरा याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थेचम्बु, ताप्लेजुङ प्रदेश नं. १ नेपाल

**आ.व. २०७६\७७ को दोस्रो बैठक**

आज मिति २०७६ साल भाद्र १७ गते मंगलबारका दिन यस पाथीभरा याङवरक गाउँपालिकाका अध्यक्ष **श्री केशर कुमार सुब्बा ज्युको** अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थीतिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरू गरीयो ।

उपस्थिती

| क्र.स. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | केशरकुमार सुब्बा | अध्यक्ष | पा.या.गा.पा. वडा नं. २, ताप्लेजुङ | |
| २ | रनमाया गुरुङ | सदस्य | ऐ. वडा नं. १ | |
| ३ | जिवनराज खिम्दिङ | सदस्य | ऐ वडा नं. १ | |
| ४ | ज्ञानप्रसाद दाहाल | सदस्य | ऐ. वडा नं. २ | |
| ५ | भिमबहादुर बस्नेत | सदस्य | ऐ. वडा नं. ३ | |
| ६ | चन्द्रमान खोयाहाङ | सदस्य | ऐ. वडा नं. ४ | |
| ७ | तारामान साम्सोहाङ | सदस्य | ऐ. वडा नं. ५ | |
| ८ | दुर्गाप्रसाद थेवे | सदस्य | ऐ. वडा नं. ६ | |
| ९ | गीता राई | सदस्य | ऐ. वडा नं. १ | |
| १० | धनकुमारी बि.क. | सदस्य | ऐ. वडा नं. २ | |
| ११ | सीतादेवी बि.क. (लामगादे) | सदस्य | ऐ. वडा नं. ३ | |
| १२ | तेज बहादुर नेपाली | सदस्य | ऐ. वडा नं. ४ | |
| १३ | जसमाया माङयुङ | सदस्य | ऐ. वडा नं. २ | |
| १४ | कमला भण्डारी (थेबे) | सदस्य | ऐ. वडा नं. ६ | |
| १५ | रमेश राई | सदस्य-सचिव | हतुवागडी-८, भोजपुर | |

**अन्य**

शम्भु श्रेष्ठ (सलेपा)

धनबहादुर बुढाथोकी (कार्यालय सहयोगी)

**प्रस्तावहरू**

१. करारमा स्वास्थ्य कर्मी भर्ना गर्ने सम्बन्धमा ।
२. सूचना प्रविधि अधिकित र का.स. भर्ना सम्बन्धमा ।
३. "घ" बर्गको ईजाजत पत्रकालागि आवेदन जाँचबुझ समिति गठन गर्ने सम्बन्धमा ।
४. प्रदेश कार्यक्रमको पूर्णेडाडा (कोप्चेकुवा)-ओखे-फावाखोला डुम्सिे-चाक्सीबोटे मोटरबाटो स्तरोन्नतीका लागि लागत साझेदारी सम्बन्धमा ।
५. मेची राजमार्गको खहरे देखि पूर्णे डाँडा मोटरबाटो मर्मत सम्बन्धमा ।
६. वडाहरूमा आयोजना विवरण राख्ने
७. मर्मत संभारकोषबाट खर्च गर्ने सम्बन्धमा ।
८. बजार अनुगमन समन्बन्धमा
९. अन्य विविध

प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरू

**निर्णय नं. १**

विभिन्न कारणले यस गाउँपालिकाको स्वास्थ्य चौकीहरूमा रिक्त रहेका स्वास्थ्य कर्मीहरूको पदमा स्थायी पद पूर्ती भइ नआएसम्मका लागि सेवा करारबाट तपसील बमोजिमको स्वास्थ्य चौकीहरूमा पदपूर्ती गर्ने निर्णय गरीयो ।

| क.स. | पद | स्वास्थ्य चौकी | कैफियत |
|---|---|---|---|
| १ | अ. हे. व. | १. थेचम्बु स्वा.चौ. -१<br>२. तिरिङ्गे स्वा.चौ. -२<br>जम्मा:- ३ जना | सशर्त<br>सशर्त |
| २ | अ. न. मी. | १. तिरिङ्गे स्वा.चौ. -१<br>२. डुम्रिसे स्वा.चौ. -२<br>३. चाक्सीबोटे स्वा.चौ. -१<br>जम्मा. ४ जना | सशर्त<br>सशर्त<br>सशर्त |
| ३ | अ. न. मी. | १. थुम्वेदीन स्वा.चौ. -१ जना | गा.पा. |
| ४ | अ. हे. व. | १. महाकाली सामुदायिक स्वास्थ्य एकाई- १ जना | वडा |
| | | जम्मा:- अ.हे.व.- ४ जना<br>अ.न.मी.-५ जना | |

**निर्णय नं. २**

गाउँपालिकाको सूचना प्रविधि अधिकित विगत लामो समयबाट खाली रहेको र LGCDP कार्यक्रमसंगको सहकार्यमा नियुक्ती गर्ने निर्णय गरीयो साथै वडा नं. ६ थुम्बेदीनको कार्यालयको कार्यालय सहयोगी पद रिक्त थान-१ रहेकोले उक्त पदमा करारबाट पद पूर्ती गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ३**

"घ" वर्गको ईजाजतपत्र प्राप्तिका लागि प्राप्त निवेदन र आवश्यक कागजात, पूर्वाधार हेरी कार्यपालिकामा सिफारीस गर्नका लागि निम्न पदाधिकारी रहेको एक आवेदन जाँचबुझ तथा सिफारीस समिति गठन गर्ने निर्णय गरीयो ।

| क.स. | पदाधिकारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्रीध्वज तेम्बे | सब-ईन्जिनियर | |
| २ | शम्भु श्रेष्ठ | स.ले.पा. | |
| ३ | सुभाष पौडेल | सब-ईन्जिनियर | |

**निर्णय नं. ४**

प्रदेश कार्यक्रमको पूर्णेडाडा (कोप्चेकुवा)-ओखे-फावाखोला-डुम्रिसे-चाक्सीबोटे मोटरबाटो स्तरोन्नतीका लागि यस अधिको प्रतिवद्दता अनुसार कुल लागतको २०% (बीस प्रतिशत) यस गाउँपालिकाको समपूरक कोषबाट व्यहोरीने गरी पुनः प्रतिवद्दता गर्ने निर्णय गरीयो।

**निर्णय नं. ५**

मेची राजमार्गको खहरे देखि पूर्ण डाँडा मोटरबाटो (पाथीभरा द्रुत पर्यटन मार्ग) मर्मतका लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, १ नं. प्रदेश अन्तर्गत पूर्वाधार विकास कार्यालय, पाँचथर, फिदिममा ५० लाख रुपैया रकम माग गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६**

योजना शाखा मार्फत आ.व. २०७४/७५ र २०७५/७६ को आयोजनाहरुको प्रगती विवरण वडागत रुपमा विवरण तयार गरी वडाहरूलाई उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं. ७**

आगमी दशैं तिहारजस्ता ठूला चाडवाडहरुलाई मध्येनजर गरी तपसिल बमोजिमका आयोजनाहरूको मर्मतका लागि मर्मत संभार कोषबाट खर्च गर्ने निर्णय गरियो ।

| क्र.स. | आयोजनाको नाम | वडा | रकम |
|---|---|---|---|
| १ | १ नं. वडाको बिभिन्न सडकहरू | वडा नं. १, नाङखोल्याङ | २,२५,०००।- |
| २ | २ नं. वडाको बिभिन्न सडकहरू | वडा नं. २, थेचम्बु | २,२५,०००।- |
| ३ | ३ नं. वडाको बिभिन्न सडकहरू | वडा नं. ३, तिरिङ्गे | १,५०,०००।- |
| ४ | ४ नं. वडाको बिभिन्न सडकहरू | वडा नं. ४, डुम्रिसे | १,५०,०००।- |
| ५ | ५ नं. वडाको बिभिन्न सडकहरू | वडा नं. ५, चाक्सीबोटे | १,५०,०००।- |
| ६ | ६ नं. वडाको बिभिन्न सडकहरू | वडा नं. ६, थुम्बेदीन | १,५०,०००।- |
| | | जम्मा | १०,५०,०००।- |

**निर्णय नं. ८**

नजिकको चाडवाड समेतलाई मध्येनजर गरी यस गाउँपालिका क्षेत्र भित्रका बजार र पसलहरू बजार अनुगमन निर्देशिका, २०७४ बमोजिम अनुगमन गर्ने निर्णय गरीयो । व्यवसाय दर्ता, नवीकरण गर्नका लागि प्रोत्साहित गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ९**

चालू तर्फको भैपरी शीर्षकबाट वडाध्यक्षको सिफारीसमा बढीमा प्रति वडा वार्षिक बढीमा ५०,०००।— सम्मको खर्चगरी भैपरी खर्च गर्ने निर्णय गरीयो ।

प्र.प्र.अ.को प्रमाणित

२०७६/५/१८

प्रमुख प्रशासकीय अधिकृत